# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८१/०८२
च.नः १२३२

मितिः२०८१/१०/२९
ने.सः ११४५ सिल्लाथ्व, चतुर्दशी मंगलबार

विषयः- न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धमा ।

श्री सबै वडा कार्यालय (१-८)
सुनिलस्मृति गाउँपालिका सुलिचौर, रोल्पा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०८२/०८३ मा न्यूनतम रोजगारीमा संलग्न हुनका लागि स्थायी बसोबास गर्ने बेरोजगार (उमेरः १८-५९ बर्ष समूहका) व्यक्तिहरुले पारिवारिक विवरण सहित मिति २०८१ फागुन महिना भरी सम्बन्धित वडा कार्यालयमा गई 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५' को अनुसूची-१ बमोजिमको ढाँचामा बेरोजगार दर्ताको लागि निवेदन दिनुहुन अनुरोध छ ।

निवेदनका साथ आवश्यक पर्ने कागजातहरुः

१. निवेदकको पासपोर्ट साइज फोटो १ (थान)
२. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ (थान)
३. सीप सिकेको हकमा सीप सिकेको प्रमाणपत्रको प्रतिलिपि १ (थान)
४. निवेदकको परिवार सदस्यको नागरिकता प्रमाणपत्र वा नागरिकता नभएको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि १ (थान)

नोटः गत आ.व.मा फाराम भरेका तथा नवीकरण गरेका व्यक्तिले समेत पुनः फाराम भर्नुपर्ने छ । सम्पूर्ण निवेदनहरुलाई रोजगार व्यबस्थापन सुचना प्रणाली (EMIS) मा रोजगार सेवा केन्द्रले प्रविष्ट गरेपछि मात्र कार्यान्वयन प्रकृया अगाडि बढाउने भएकाले फाराममा भएका सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा नभरेको खण्डमा सो उपर कुनै कामकारबाही नगर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०८१/१०/२९

(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थः श्री सूचना तथा प्रविधि शाखाः सूचना website मा upload गरिदिनुहुन ।